# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ ) काठमाडौं, कात्तिक ६ गते २०५५ साल ( अतिरिक्ताङ्क ४७ (ङ)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उप-प्रधानमन्त्री तथा जलस्रोतमन्त्री सुश्री शैलजा आचार्य राजगिर बुद्ध बिहार सोसाइटी, पटनाले आयोजना गरेको विश्व शान्ति स्तुपको २९ औं वार्षिकोत्सवको उद्घाटन गर्न २०५५ साल कात्तिक ६ गते भारततर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जलस्रोत मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री श्री चिरन्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय कानून तथा न्यायमन्त्री श्री सीतानन्दन राय २०५५ साल कात्तिक ७ गते निजी कामको सिलसिलामा भारततर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कानून तथा न्याय मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषिमन्त्री श्री त्रिलोचन ढकालले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय आपूर्तिमन्त्री श्री खुमबहादुर खड्का औषधोपचारको सिलसिलामा २०५५ साल कात्तिक ८ गते भारतको नयाँ दिल्लीतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय वन तथा भू-संरक्षणमन्त्री श्री आनन्दप्रसाद ढुंगानाले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
624
मुद्रण विभाग, सिंहदरबार